प्रतिदिन
१६ औं
वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर
ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १४९ ।। २०८१ असार २५ गते मंगलबार (9th Jul 2024 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

सामाजिक संजालको विषयलाई लिएर माओवादी कार्यकर्ताबीच कुटाकुट

झापा(प्रस) । सामाजिक संजालमा पोस्ट गरेको विषयलाई लिएर माओवादी कार्यकर्ताबीच हल्दिवारीमा कुटाकुट भएको छ। केही दिन अगाडी सामाजिक संजालमा पोस्ट गरेको विषयलाई लिएर गत स्थानीय निर्वाचनमा माओवादी पार्टीका तर्फबाट हल्दिबारी गाउँपालिकाको उपाध्यक्ष पदकी उम्मेदवार टिका राउतले पार्टीकै हल्दिबारी गाउँ कमिटी -२ का अध्यक्ष खगेन राजवंशीलाई गाली गलौज गरी कुटपिट गरेकी हुन् । सोमवार दिउँसो २ बजेको समयमा हल्दिबारी गाउँपालिकाको वडा नं-२ पारोखोपीस्थित भेलागुरी सामुदायिक वन उपभोक्ता समितिको कार्यालयभित्र प्रवेश गरी हल्दिबारी-२ की टिका राउतको नेतृत्वमा उनकै दाजुभाइ गरी करिब ५-६ जनाको समूहले भेलागुरी सामुदायिक वन उपभोक्ता समितिका सचिवसमेत रहेका खगेन राजवंशीलाई गाली गलौजका साथ कुटपिट गरेका हुन् । कुटपिटबाट राजवंशी घाइते भएका छन् । उनको आँखामा चोट लागेको बताइएको छ । घटनापछि राउतका दाजुभाइ बालकुमार पौडेल र सन्तोष पौडेललाई प्रहरीले पक्राउ गरेको छ । घाइते भएका राजवंशीले आफू घाउ जाँच गरी जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन आएको बताए ।

वन कार्यालयमा बसिरहेका बेला आफूमाथि एक्कासि आक्रमण भएको उनको भनाई थियो । आफूलाई इंगित गरी केही दिनदेखि सामाजिक संजालमा लेखेपछि सोही विषयमा विवाद परेको र त्यसक्रममा सोधासोध र धक्कामुक्का भएको राउतले बताइन् ।दुवै पक्षको गल्तीका कारण सो घटना भएको हल्दिवारी २ का वडाध्यक्ष शुकलाल राजवंशी बताउँछन् । सामाजिक संजालमा इंगित गरेर नकारात्मक कुराहरु नलेख्नु पर्ने र आक्रोशित भएर आक्रमण गर्न नजानु पर्ने माओवादीका तर्फबाट निर्वाचित वडाध्यक्ष राजवंशीले प्रतिक्रिया दिए । दुबै जना साथी-साथी भएपनि केही दिन अगाडी सामाजिक संजालमा पोस्ट गरेको विषयलाई लिएर विवाद भएको बुझिन आएको छ ।

एक बालकसहित दुई जनाको डुबेर मृत्यु

झापा(प्रस) । झापामा एक बालकसहित दुई जनाको डुबेर मृत्यु भएको छ । झापा गाउँपालिका-२ स्थित सानो माईखोलामा डुबेर सोही ठाउँका सडकवाडी गाउँ निवासी रहमान आलमका अढाई वर्षका छोरा दिलसाद आलमको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

घर अगाडी रहेको माईखोलामा डुबेर ती बालकको आइतबार बिहान ११ बजे मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीले बालकको शवको कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको थियो । त्यस्तै बाह्रदशी गाउँपालिका २ स्थित राजगढ निवासी ६५ वर्षीय मोहन राजवंशीको स्थानीय पैनीमा डुबेर मृत्यु भएको हो ।

स्थानीयले शनिबार राति साढे ९ बजे डुबेको अवस्थामा उनको शव पैनीबाट बाहिर निकालेका थिए । उनको शव नजिकै साईकल समेत फेला परेको थियो । प्रहरीले घटनाको बारेमा अनुसन्धान गरिरहेको जनाइएको छ ।

नेपाल- भारतबीच सीमा सुरक्षासम्बन्धी छलफल

झापा(प्रस) । नेपाल- भारतबीच सीमा सुरक्षासम्बन्धी छलफल भएको छ ।

सोमवार दिउँसो भद्रपुर ८ स्थित सशस्त्र प्रहरी बल, नेपाल नं.२ गण हे.क्वा. झापामा जिल्ला प्रशासन कार्यालय झापाले इन्डो नेपाल बोर्डर कोअर्डिनेटर कमिटीको बैठक आयोजना गरेको थियो । बैठकमा बिपद् ब्यबस्थापन, सीमा तथा सीमा स्तम्भ, दशगजामा लगाएको खेतीबाली हटाउने, सीमा अपराध, लागूऔषध नियन्त्रण, अपराधीहरुको सेल्टर पहिचान, मानव वेचबिखन तथा ओसारपसार, सीमापार अवैध बसाईं सराई, अबैध चोरी निकासी/पैठारी तथा अन्य समसामयिक बिषयमा छलफल भएको थियो ।

कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला, सहायक प्रमुख जिल्ला अधिकारी बिश्वराज नेपाल, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन के.सी, नं.२ गण हे.क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राई, जिल्ला वन कार्यालय झापाका प्रमुख मेघराज राई, जनताको तटबन्ध कार्यालय झापाका ईन्जिनियर यादब बराल सहभागी थिए । त्यस्तै भारतका तर्फबाट जिल्ला किसनगञ्जका आइएएस डिस्ट्रिक मजिस्ट्रेट तुसार सिंग्ला , किसनगञ्जका पुलिस सुपरिटेन्डेन्ट सागर कुमार , किसनगञ्जका एडिसनल डिस्ट्रिक मजिस्ट्रेट अमेरेन्द्र कुमार पंकजलगायतको उपस्थिति रहेको थियो ।

बाँदर आतंकका कारण मेचीनगरवासी हैरान

• **लक्ष्मी उप्रेती**

मेचीनगर । झापाको मेचीनगरमा दैनिकजसो हुने बाँदर आतंकले स्थानीयवासी हैरान भएका छन् । मेचीनगर नगरपालिका वडा नम्बर ५, ११ र १२ मा बाँदरले खेतबारीमा लगाएको बालीमा क्षति पुर्याउन थालेको हो । नजिकैको जंगलबाट ठूलो संख्यामा आउने गरेका बाँदरले मेचीनगरका विभिन्न वडाका गाउँबस्तीमा पसेर स्थानीयवासीको घरको अन्न तथा फलफूलसमेत खाइदिने गरेका छन् । बाँदरकै कारण पछिल्लो समय कोदोको खेती गर्न किसानले छाडेका छन् । बाँदरले किसानले लगाएको कोदो खेतीमा क्षति पुर्‍याउन थालेपछि कोदो खेती गर्न छाडेको वडा नम्बर–५ की तेजीमाया राउतले बताइन् । मेचीनगर ५ घोडाजीन टोल विकास संस्थाका बासिन्दा बाँदर आतंकबाट बढी मारमा परेको एकरुपता महिला समूहकी अध्यक्षसमेत रहेकी राउतको भनाई छ । किसानहरु खेतबारीको मात्र होइन, बाँदरका कारण घरभित्र राखेको अन्नसमेत कसरी जोगाउने भन्ने चिन्तामा छन् । नजिकैको जंगलबाट गाउँ छिरेर बाँदरले अन्नबालीमा नोक्सानी पुर्‍याउन थालेपछि बाँदर आतंकका कारण गाउँ नै छाड्न बाध्य हुनुपर्ने अवस्थाको सिर्जना हुन लागेको पीडितहरुको भनाई छ ।

'गाउँको बीचमा भएको खेती मात्र होइन घरभित्र भण्डारण गरिएको अन्नसमेत जोगाउन नसकेर हैरान पारिसक्यो, अब त गाउँ नै छाड्नुपर्ने अवस्था सिर्जना भएको र गाउँ छाड्नु बाहेक विकल्प छैन ' स्थानीय बन्धनध्वज राई बताउँछन् । बगैचामा लगाएका आँप, लिची कटहरलगायतका फलफूल समेत बाँदरले खाएर नष्ट गर्ने गरेका छन् । फलफूल केही बाँकी नराखेर घर-घरमै भित्रै पसेर समेत खान थालेपछि बाँदर आतंकले गर्दा उत्पादन गर्न नपाएपछि बाँच्ने विकल्प नभएका कारण गाउँ नै छाड्ने अवस्थामा पुगेको वडा नम्बर –११ का बासिन्दा योगेश भट्टराईको भनाई छ । कानूनले बाँदर मार्न पाइँदैन, बाँदरले स्थानीयलाई बाँच्न नदिएपछि अब सबै गाउँले मिलेर हेरालु राख्ने अभियान चलाउने स्थानीयवासीले सोच बनाएका छन् । बिहानदेखि बेलुकीसम्म बारीमा बसेर बाँदर हेर्दासमेत अन्न जोगाउन नसकिएको भट्टराईको भनाई छ । मेचीनगरका यी तीनवटा वडासहित नगरका अधिकांश क्षेत्रमा बाँदरले सताउने गर्दछ ।

वनजंगलमा खानेकुरा नपाएपछि बाँदर बस्ती पस्न सुरु गरेको र घरभित्र पसेर खानेकुरा खाने गरेको गुनासो स्थानीयको छ । केही दिनअघि फाट्टफुट्टरुपमा देखिएको बाँदरको संख्या पछिल्लो समय ह्वात्तै बृद्धि भएको छ । गाउँमा बाँदरको संख्या बढेपछि अन्नबाली बचाउनै मुश्किल परेको स्थानीय रमा धिमालको भनाई छ । मेचीनगरकी स्थानीय हरिमाया कार्की भन्छिन् "साँझ बिहान ठूलो संख्यामा आउने बाँदरहरुले घरभित्र पसेर अन्न तथा फलफूलसमेत खाइदिने गरेका कारण आफूहरु हैरान भएका छौं।" बाँदरले गाउँलेमाथि आक्रमणसमेत गर्ने गरेको उनले बताइन् । गाउँलेलाई बाँदरले दुःख दिन थालेपछि स्थानीय प्रहरी प्रशासनसँग स्थानीयवासीले सुरक्षा मागेका छन् ।

स्थानीयको मुख्यः पेशा नै कृषि भएकाले बाँदरबाट बर्सैनि कृषि उपज नष्ट गर्ने कारण समस्या भएको उनको भनाइ छ। बाँदर नियन्त्रणका लागि देशका अन्य स्थानमा बाँदर धपाउने यन्त्र ल्याएको सुनेको भएपनि आफ्नो ठाउँमा चाँहि नपाएको स्थानीयको भनाई छ । वडावासीले स्थानीय सरकार र डिभिजन बन कार्यालय झापालाई बाँदर नियन्त्रण गर्ने उपाय खोजी गरिदिन आग्रह गरेका छन् । बाँदरका कारण मेचीनगरको ७ र ८ नम्बर वडावासीसमेत प्रभावित भएकाले पीडित किसानको माग अनुसार बजेट व्यवस्था गरेर बाँदर नियन्त्रणका लागि योजना अघि सार्न स्थानीयले मेचीनगर नगरपालिकासँग माग गरेका छन् ।

डिभिजन बन कार्यालय झापाका प्रमुख मेघराज राईले जिल्लामा बाँदर नियन्त्रणको लागि कुनै कार्यक्रम नभएको प्रतिक्रिया दिए । बाँदर नियन्त्रणको लागि अहिलेसम्म अपनाएका सबै उपाय दीगो नभएकाले कार्यालयले पनि कुनै ठोस कार्यक्रम नराखेको उनको भनाई छ । 'नेपाल सरकारले हानिकारक जनावरको सूचीमा राखेका १४ वटा जनावरमा बाँदर पर्दैन' वन अधिकृत राईले भने ,'सूचीमा नपरेका जनावरबाट बालीनाली तथा मानवमा क्षति पुर्‍याए राहत दिने निर्देशिकामा उल्लेख नभएपछि बाँदरबाट पीडितले सरकारबाट कुनै पनि राहत पाउँदैनन् ।'

सरकारले हात्ती, अर्ना, बाघ, भालु चितुवा, ध्वाँसे चितुवा, अजिंगर, हिम चितुवा, गौरीगाई बँदेललगायतका १४ वटा जनावरलाई हानिकारक जनावरको सूचीमा राखेको छ । बाँदर नियन्त्रणका लागि घरेलु विधि तथा पासो अपनाउनु पर्ने राईको सुझाव छ । तर,अन्य जनावरको तुलनामा बाँदर अलि बाठो हुने भएकाले पासो थापेको थाहा पाउनेबित्तिकै वैकल्पिक मार्ग खोज्न थाल्ने उनको भनाई छ । अहिले पनि बाँदरपीडितहरु डिभिजन बन कार्यालयमा समस्या लिएर आउने गरेको उनले जानकारी दिए ।

बिर्तामोडमा रक्तदान, ५४ पिन्ट रगत संकलन

बिर्तामोड(प्रस) । रगतको अभाव भइरहेको बेला झापाको बिर्तामोडमा रक्तदान कार्यक्रम गरिएको छ । पञ्चकन्या सोसाइटी र बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको संयुक्त आयोजनामा सोमवार रक्तदान गरिएको हो ।कार्यक्रममा ५४ जनाले रगत दान गरेका छन् । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बिर्तामोड रक्त सञ्चार शाखाको प्राविधिक सहयोग रहेको थियो । 'पञ्चकन्या सोसाइटीको चाहना, सभ्य समाजको परिकल्पना' भन्ने मुल नाराका साथ सोसाइटीले रक्तदानसहित विविध सामाजिक काम गर्दै आएको सचिव बिपी लामिछानेले जानकारी दिए ।

बिर्तामोड-१ स्थित बिन्ध्यावासिनी दुर्गा मन्दिर परिसरमा आयोजित रक्तदान कार्यक्रमको उद्घाटन नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले गरेका थिए ।बिर्तामोड साना शहरी खानेपानीका अध्यक्ष मेघराज बास्तोला र पञ्चकन्या सोसाइटीका अध्यक्ष ओमनाथ उप्रेतीको संयुक्त अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा स्वागत सोसाइटीका कोषाध्यक्ष बिष्णु चुडालले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि ढकाल र बिर्तामोड खानेपानीका अध्यक्ष बास्तोलाले रक्तदाताहरुलाई प्रमाणपत्र बितरण गरेका थिए ।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
~~Rs. 1500/-~~
Rs. 1050/-

Free Home Delivery

ऋषिकेश
Ayurvedic Hair Oil
Promote Hair Regrowth
Stimulate Hair from Root
Control Hair Loss
Prevent Dandruff
३५

Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

मेघालयमा मारिनेमा दुई नेपाली

झापा(प्रस) । भारतको पूर्वोत्तर राज्य मेघालयस्थित कोइलाखानीमा हत्या गरिएका चार कामदारमध्ये दुईजना नेपाली भएको पुष्टि भएको छ । शनिबार मारिएका चारै जना नेपाली भएको बताइए पनि दुई जना नेपाली रहेको खुलेको हो ।

मेघालयको जयन्तिया हिल्सस्थित उम्प्लेङ गाउँमा हत्या गरिएकामध्ये एक भारतीयको पनि परिचय खुलेको छ । बाँकी एक जनाको सनाखत हुन नसकेको स्थानीय प्रहरी प्रशासनले जनाएको छ । हत्या भएका नेपाली इलाम-२ का २३ वर्षीय रवि राई हुन् । त्यस्तै साविक सुनसरी धरानका २७ वर्षीय राजेश राई पनि सो घटनामा मारिएको भारतीय संचारमाध्यमले जनाएका छन् । उनको स्थानीय ठेगाना भने खुलिसकेको छैन । मेघालयको उक्त घटनामा हत्या गरिएकामध्ये परिचय खुलेका अर्का भारतीय नागरिक नसर डाकिया हुन् । उनी सोही राज्यमा बसोबास गर्छन् । चार जनाको हत्या भएपछि मेघालयका एसपीको नेतृत्वमा एउटा स्पेसल अनुसन्धान टोली गठन गरिएको बताइएको छ । मेघालय प्रहरीका अनुसार हत्या भएका चारै जनाको घटनास्थलमा हातखुट्टा बाँधिएको अवस्थामा भेटिएको थियो भने उनीहरू सबैलाई धारिलो हतियारले आक्रमण गरिएको पाइएको हो ।

यौन धन्दा चलाउने गरामनीकी सन्ध्या चुँडाल पक्राउ

झापा(प्रस) । विराटनगरमा घरको फ्ल्याट भाडामा लिएर युवतीहरूलाई अवैध हिसाबले यौन धन्दामा लगाउने झापा गरामनीकी २३ वर्षीया सन्ध्या चुँडाल पक्राउ परेकी छन् ।

विराटनगर महानगरपालिका-११ स्थित नयाँ गुद्रीमा घरको फ्ल्याट भाडामा लिएर सुनसरी इनरुवाका अन्दाजी ३० वर्षीय राजकुमार साह र झापा गरामनीकी चुँडालले युवतीहरूलाई यौन व्यवसायमा लगाउँदै आएका थिए ।

उनीहरुले आकर्षक रोजगारी दिने भन्दै प्रलोभनमा पारी विभिन्न ठाउँबाट युवतीलाई ल्याएर भाडाको कोठामा राख्दै यौन व्यवसायमा लगाउने गरेको खुलेको हो। युवतीलाई कुटपिट गर्दै यातना दिएर जरबजस्ती यौन क्रियाकलापमा लगाउनेमध्ये चुँडाललाई प्रहरीले पक्राउ गरेको छ। उनीविरुद्ध मानव बेचबिखन मुद्दा चलाउन आइतबार अदालतबाट म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया अघि बढाइएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए। उनका अनुसार चुँडालका व्यावसायिक साझेदार साह भने फरार भएका छन्। उनको खोजी भइरहेको जानकारी बस्नेतले दिए।

वेश्यावृत्तिमा लगाउने गरिएका युवतीलाई राखेको फ्ल्याटमा प्रहरीले छापा हानेर ६ जनालाई उद्धार गरेको छ। वडा प्रहरी कार्यालय विराटनगरबाट खटिएको डीएसपी बुद्ध श्रेष्ठ नेतृत्वको टोलीले भाडाको फ्ल्याटमा छापा हानेर गत शुक्रबार २१ देखि २३ वर्ष उमेर समूहका युवतीहरूको उद्धार गरेको हो। मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीका अनुसार उद्धार गरिएकामध्ये काठमाडौं, काभ्रेपलाञ्चोक, स्याङ्जा र उदयपुरका १/१ जना तथा झापाका २ जना छन्। कार्कीका अनुसार साह र चुँडालले मोहन सिटौलाको २ तले घरको भुइँतलाको फ्ल्याट भाडामा लिएर युवतीहरूलाई राख्ने गरेको पत्ता लागेको थियो ।

‘२ महिनाअघिदेखि फ्ल्याट भाडामा लिएर युवतीहरूलाई राख्दै यौन व्यवसायमा लगाउने गरिएको खुल्यो। आकर्षक रोजगारीको प्रलोभनमा पारेर काठमाडौंलगायत विभिन्न ठाउँबाट झिकाइएका युवतीहरूलाई आफ्नो सम्पर्कमा रहेका व्यक्तिसँग जबरजस्ती यौन सम्पर्क गर्न बाध्य पार्ने गर्दा रहेछन्,’ उनले भने। उनका अनुसार फ्ल्याट भाडामा लिएर युवतीलाई राखिएको भए पनि यौन व्यवसायमा लगाउन भने सम्पर्कमा रहेका व्यक्तिमार्फत अन्यत्र नै पठाउने गरेको पाइएको छ। साह र चुँडालले यौन व्यवसायमा लगाउने नाममा युवतीहरूलाई चरम यातनासमेत दिने गरेको एसपी कार्कीले बताए। ‘कुटपिट गरेको चोट र निलडाम शरीरभरि छ। हातलगायत शरीरका विभिन्न भागमा चुरोटका ठुटाले पोलेको घाउहरू देखिन्छ,’ उनी भन्छन्, ‘आफूहरूले भनेको नमानेमा युवतीलाई कुटपिट गर्दै यातना दिने गरिँदो रहेछ। यातना र शोषणको पीडा युवतीहरूले प्रहरीलाई रुँदै सुनाएका थिए।’

उद्धार गरिएका युवतीहरूलाई भने प्रहरीले महिला अधिकारवादी संस्थाको जिम्मा लगाएको थियो। संस्थामार्फत नै युवतीहरूलाई आआफ्नो घर फिर्ता गरिएको प्रहरीको भनाइ छ।

रजत महोत्सव मनाउँदै साहित्य चौतारी

बिर्तामोड(प्रस) । साहित्य चौतारी झापाले आगामी असार ३१ गते २५ औं वार्षिकोत्सव मनाउने भएको छ । रजत वर्ष महाअभियान अन्तर्गत २११औं भानुजयन्तीसहित विभिन्न कार्यक्रम आयोजना गरी चौतारीले वार्षिक उत्सव मनाउन लागेको हो ।

२०५६ सालमा साहित्य चौतारी स्थापना भएको थियो । साहित्य, संगीत र कलाको माध्यमबाट सामाजिक रूपान्तरण र जागरणको अभियानमा साहित्य चौतारीले स्रष्टा र सर्जकहरुलाई गोलबद्ध गरी संरक्षण र अवसर प्रदान गर्दै आएको छ । साहित्य चौतारीका संस्थापक संरक्षक एवम् अध्यक्ष देवीभक्त श्रेष्ठले साहित्य, संगीत, भाषा, कला र संस्कृतिको क्षेत्रमा अविच्छिन्न सेवारत विभिन्न व्यक्तित्वलाई रथारोहण र अभिनन्दनसहित बिर्तामोडको इन्द्रेणी ब्यांक्वेटमा वार्षिकोत्सव मनाइन लागेको बताए ।

चौतारीले गायन प्रतिभाकी धनी शान्ति ठटाल, भाषाविद् चूडामणि रेग्मी, नेपाली पत्रकारिता क्षेत्रका सिद्धहस्त व्यक्तित्व नकुल काजी र लोक सम्राट एलपी जोशीलाई रथारोहण गराउने भएको छ । कार्यक्रममा विभिन्न व्यक्तित्वलाई अभिनन्दन गरिनेछ ।

पूर्व कुलपति गङ्गाप्रसाद उप्रेती, संस्कृति विज्ञ डा.जगमान गुरुङ, संगीत तथा नाट्यकला प्रतिष्ठानका पूर्व सदस्य सचिव प्राज्ञ गणेश रसिक, प्राध्यापक डाक्टर टंक न्यौपाने र गंगाप्रसाद अधिकारी, साहित्यकार कुन्ता शर्मा, अनुराधा थापा, बिक्रम श्री, प्रतिष्ठानका उपकुलपति गायक तथा संगीतकार शम्भु राई र कवि मनु मञ्जिललाई अभिनन्दन गर्न लागिएको हो ।

ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीको प्रमुख आतिथ्य र लेखक निर्माता निर्देशक प्रकाश सायमीको विशेष आतिथ्यमा आयोजना गर्न लागिएको कार्यक्रममा साहित्य चौतारीका सह संरक्षक जितु गौतम, पूर्व अध्यक्षहरू शिवशंकर थापा, केशव आचार्य, टङ्क विकल्प, हस्त परियार लगायतलाई पनि सम्मान गर्ने कार्यक्रम छ । साहित्य चौतारीका सल्लाहकार राजेन्द्र संग्रौलाको सम्पादनमा रजत विशेषाङ्क समेत प्रकाशनको तयारी गरिएको छ । करिब ४०० पृष्ठको विशेषाङ्क ४ खण्डमा विभाजित रहेको संग्रौलाले बताए । रजत वर्षका गतिविधिलाई समेत समेटेर विशेषाङ्क प्रकाशित हुनेछ ।रजत वर्षका अवसरमा राष्ट्रव्यापी कविता प्रतियोगिता पनि आयोजना गरिएको साहित्य चौतारीका सचिव गौरव श्रेष्ठले बताए । प्रतियोगिताका लागि १० वटा कविता छनौट भएका छन् । कार्यक्रममा ती कविता वाचन हुने र उत्कृष्टलाई पुरस्कृत गर्ने सचिव श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा छिमेकी राष्ट्र भारतबाट समेत नेपालीभाषी साहित्य, संगीत र कलाका मूर्धन्य व्यक्तित्वहरूको सहभागिता रहनेछ ।

झापामा ब्राउनसुगरसहित तीनजना पक्राउ

झापा(प्रस) । झापामा प्रतिबन्धित ब्राउनसुगरसहित तीनजना पक्राउ परेका छन् । दमकबाट दुईजना र मेचीनगरबाट एकजना पक्राउ परेका हुन् । आइतवार दिउँसो ४ बजे दमक ४ स्थित कृष्ण मन्दिरमा लागूऔषध खरिद बिक्री भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमक र अस्थायी प्रहरी पोष्ट तारावारीबाट खटिएको संयुक्त प्रहरी टोलीले दमक ४ बस्ने अन्दाजी ३१ वर्षीय भानु बाह्रकोटी र मोरङ उर्लाबारी ७ बस्ने अन्दाजी ३६ वर्षीय खगेन्द्र न्यौपानेको शरीर खानतलासी गरेको थियो । त्यसक्रममा उनीहरुको साथबाट ६ ग्राम ब्राउनसुगर र नगद ६७ हजार ८०० रुपैयाँ फेला परेको थियो । दुवै जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

त्यस्तै आइतवार साँझ ७.३० बजे मेचीनगर नगरपालिका वडा नं. ६ स्थित पुरानो मेची पुलमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका बुद्धशान्ति गाउँपालिका वडा नं. १ बस्ने २१ वर्षीय बिशाल श्रेष्ठलाई शंका लागेर सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले चेकजाँच गरेको थियो । त्यसक्रममा उनले लगाएको पाईन्टको गोजीबाट हरियो रङको प्लाष्टिकमा पोका पारी लुकाई छिपाई ल्याउँदै गरेको ६७० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको प्रहरीले जनाएको छ ।

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

१५ दिने सूचना

सधियार पूर्वः श्री मनिता पौडेल, पश्चिमः श्री लेखनाथ आचार्य, उत्तर : सडक, दक्षिण : श्री होम काफ्लेको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री सरस्वती थापाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जिमिन मिति
बिर्तामोड न.पा ४	१७९०१ २०	६५८	१६०. ०८	२०७५/ ०३ /३२	२०७५/ ०४/०१	२०७८/ ०५/०५

GRADE XI
ADMISSION OPEN
+2 ☑ Science ☑ Management
Join us for:
» Science
» Hotel Management
» Business Studies
» Computer Science
» Business Maths
BALMIKI PROVIDENCE COLLEGE
Birtamode-1, Jhapa, Nepal
For more info 023-530195/530443/532820
www.facebook.com/balmikiprovidence
providence443@gmail.com
Where great mind grows

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

Amity College
Birtamode-5, Jhapa
A gateway to the world of educational excellence
Opens Admissions in
10+2: Business Studies
Computer Science
Hotel Management
Step in & Feel the Difference
amitycollegejhapa@gmail.com
9842629372 9852642762 023-590762

Admission Open
in Class 11
Both in English & Nepali Medium
Science Management Education Arts
with Computer Science
Shree Mahendra Ratna Secondary School
Birtamode-3, Jhapa, Nepal
023-530173, 9842655530, 9842698858, 9852641101

सम्पादकीय

जता पनि भ्रष्टाचार

मुलुकमा पटक–पटकका राजनीतिक परिवर्तनपछि पनि शासन/प्रशासनका सेवा र वस्तु खरिद प्रक्रियामा तात्विक अन्तर आएको छैन। यस्ता प्रक्रियामा शोधखोज गर्ने हो भने सबैजसोमा मिलेमतो भेटिन्छ। उजुरी परेर छानबिन नभएजति सबै चोखा छन्। छानबिन गर्ने हो भने एकाध मात्र जोगिन सक्छन्।

नेपाल मजदुर किसान पार्टी अध्यक्ष नारायणमान बिजुक्छेले कुनै बेला संसद्मा भनेका थिए–हामी इमानदार देखिएको मौका नपाएर मात्र हो। उनले भनेजस्तै अवस्था मुलुकमा छ। मौका नपाएका राजनीतिक दलका नेता तथा कार्यकर्ता हुन् वा कर्मचारी, ती मात्र इमानदार हुने हैसियतमा रहन्छन्। मौका पाएपछि तिनले आफ्नो असली अनुहार देखाउँछन्। यही अवस्थाको कारण हुन सक्छ सबैतिर 'खराब केटा'लाई ठिक गर्ने गरी सर्वत्र व्यवस्था गरिएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्तो संवैधानिक निकायदेखि राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकाय सरकारभित्रकै अंग हुन्। आन्तरिक लेखापरीक्षणदेखि महालेखा परीक्षकसम्मका सम्पूर्ण जाँच पार गर्नुपर्छ। त्यति गर्दा पनि कहिल्यै प्रशासनिक स्वच्छता हासिल हुन सकेको छैन।

वास्तवमा जसले इमानदारीपूर्वक काम गर्छ, त्यसले बढ्ता दुःख पाउँछ। सबैतिर खाने मुख भएका कारण नखानेले इमानदारीपूर्वक गरेका कामका निम्ति पनि अप्ठ्यारो अवस्था सामना गर्नुपर्छ। देशमा कसैले सुध्रिएर काम गर्ने वातावरण नै नभएजस्तो अवस्था छ। अख्तियारले ठेक्का प्रक्रियामा 'मिलेमतो रोक्न' निर्देशन दिँदै आए पनि सरकारकै निकायले अटेर गर्दै आएका छन्। सकेसम्म प्रतिस्पर्धा नगराई ठेक्का दिने, कानुनले ठेक्का लगाउने विधि तोके पनि त्यसलाई टुक्राटुक्रा गरी आफूअनुकूल व्यक्ति वा कम्पनीलाई काम दिने प्रवृत्ति नियमितजस्तो छ। गत कात्तिकमै अख्तियारले प्रतिस्पर्धा गराउन निर्देशन दिएको भए पनि त्यसको पालना भएको छैन।

प्रायः विकसित मुलुकमा सरकारी निकायले अनियमितता गर्ने कल्पना नै गर्न सकिन्न। त्यसैकारण तिनले करदाताको रकमलाई सदुपयोग गर्न सकेका छन्। जर्मनी, जापान, अमेरिका र युरोपेली देशमा यस्तो व्यवस्था देखिन्छ। हाम्रै मुलुकमा आएर काम गरिरहेका यस्ता मुलुकका खरिद प्रक्रियालाई हेरे पनि पुग्छ। तिनले सशक्त ढंगले आफ्नो मुलुकको कानुन कार्यान्वयन गर्छन् र खरिद प्रक्रियालाई पारदर्शी बनाउँछन्। हामीकहाँ खरिद प्रक्रियाको हालत के रहेको छ भनेर हेर्न अन्यत्र जानै पर्दैन, अख्तियारले केही समययता दायर गरेका भ्रष्टाचार आरोपका मुद्दालाई हेरे मात्र पुग्छ। अझ मुलुकमा सूचना प्रविधिजस्तो नयाँ क्षेत्रमा गरिएका प्रायः ठेक्का प्रक्रियामा कल्पनातीत घटना भएका छन्। तिनमा दाबी गरिएको बिगो र जरिवानाबाट सुशासनको धज्जी उडाएको महसुस गर्न सकिन्छ। अख्तियारले जारी गरेको निर्देशनमा प्रस्ट भनिएको छ, 'मिलेमतोमा योग्यताका आधारमा प्रस्ताव गर्ने र प्रतिस्पर्धा सीमित गरी ठेक्का लगाउने प्रवृत्ति रोक्न तीनै तहका सरकारलाई एकैसाथ निर्देशन दिइएको छ ।' तीनै तहका सरकारमा यही प्रक्रियामा काम भइरहेको निष्कर्ष अख्तियारको निर्देशनबाट देखिन्छ। मुलुकको संवैधानिक अंगले अनियमितताको प्रवृत्ति अध्ययनका आधारमा यो निष्कर्ष निकालेको हो। यस्तो अवस्था हुँदा पनि यी सरकारहरूले आफूलाई सुधार गर्न नसकेको प्रस्ट हुन्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

परिवर्तनको पर्खाइमा यातायात क्षेत्र

• खगेन्द्र फुयाँल

विसं २०६२-६३ को राजनीतिक परिवर्तनपछि जनताले देशको चौतर्फी क्षेत्रमा परिवर्तन चाहेका छन् । सबै खाले राजनीतिक आन्दोलनको उद्देश्य जनताको हितमा परिवर्तन र विकास हो । सुस्त विकास निर्माण र दश वर्षसम्म चलेको सशस्त्र युद्धले आजित भएका जनताले आजको शान्तिपूर्ण अवस्थामा परिवर्तन अपेक्षा गर्नु स्वाभाविक हो ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि देशका धेरै क्षेत्रमा परिवर्तन भएको पनि छ । संघ, प्रदेश र स्थानीय तह गरी हाल देशमा तीन तहको शासन व्यवस्था कायम गरिएको छ ।

देशको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक र स्वास्थ्य क्षेत्रमा उल्लेख्य परिवर्तन भएको छ । सरकारी तथा गैरसरकारी क्षेत्रको पहलमा विकासको क्रम आजपर्यन्त जारी छ । यद्यपि जनताको सेवाका लागि स्थापना गरिएका संस्थाको उत्तरदायित्व र सेवाको गुणस्तरमा भने थुप्रै प्रश्न छन् ।

सार्वजनिक यातायात सुधारका लागि आम जनताले आशा गरेको वर्षौं भयो तर अपेक्षाकृत सुधार हुन सकेको छैन । गाउँ गाउँमा सडक पुगेसँगै सार्वजनिक सवारीसाधनको संख्या पनि दिनप्रतिदिन बढिरहेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्क अनुसार ट्र्याक्सीबाहेक काठमाडौं उपत्यकामा ५७ यातायात समिति मातहत तीन हजार चार सयभन्दा धेरै सर्वाजनिक यातायात दैनिक सञ्चालनमा रहेका छन् ।

काठमाडौं उपत्यका बाहिर पाँच हजार समितिमार्फत दैनिक अठार सय सार्वजनिक यातायात सञ्चालनमा छन् । उनीहरूले प्रवाह गर्ने सेवाको गुणस्तर भने चित्तबुझ्दो छैन । यस क्षेत्रको सुधारका लागि न नियमनकारी निकायको नियमित अनुगमन छ न त यातायात व्यवसायी आफैँ स्वनियमन गर्न तत्पर देखिन्छन् ।

पर्यटक बोक्ने सवारीसाधनबाहेक अधिकांश सवारीसाधनको गुणस्तरमाथि प्रश्न गर्नयोग्य छन् । दसैं तिहार छठ जस्ता ठुला चाडपर्वका बेलामा झन् सार्वजनिक यातायात व्यवस्थापनमा भद्रगोल देखिन्छ । त्यसबाहेक पनि लामो दुरीका यातायात सेवा भरोसायोग्य हुन सकेका छैनन् । काठमाडौंलगायत सहरी क्षेत्रबाट तराई तथा पहाडी जिल्लामा चल्ने टाटासुमोले कतिपय अवस्थामा कृत्रिम अभाव सिर्जना गरी रिजर्भका नाममा यात्रुसँग अनुचित भाडा असुल्नेसमेत गर्छन् । लामो दुरीमा यात्रा गर्ने यात्रुले बिच बाटो वा काउन्टर बाहिरबाट सवारीसाधन चढ्दा टिकटबिना नै भाडा तिरिरहेका हुन्छन् । बिनाटिकट यात्रा गर्दा यात्राका क्रममा दुर्घटना भइहाल्यो भने यात्रुले बिमा दाबी गर्ने आधार कम हुन्छ । यता यातायात व्यवसायीलाई (लगानीकर्ता) पनि आम्दानी तथा यात्रु संख्या अभिलेख राख्ने आधार कम हुन्छ ।

सार्वजनिक यातायातको अवस्था

काठमाडौं उपत्यकासहित देशको मुख्य सहर तथा भित्री सडकमा चल्ने सवारीसाधनको गुणस्तरमा धेरै समस्या छ । कार्यालय समयमा यात्रुले सिट नपाउनु सामान्य हो । बसका सिट फोहोर र झुत्रा हुन्छन् । चर्को आवाजमा अश्लील शैलीका गीत बजिरहेका हुन्छन् । बिनाटिकट भाडा असुल्ने र कन्डक्टरले भनेको नमन्दा यात्रुलाई गालीगलौज गर्ने गरेको पाइन्छ । नयाँ यात्रुसँग बढी भाडा असुल्नु र आरक्षित सिटमा लक्षित वर्गले सिट नपाउनु सामान्य जस्तै भएको छ ।

झट्ट सुन्दा अनौठो लाग्न सक्छ, सहरमा दैनिक सार्वजनिक यातायात प्रयोग गर्ने हरकोही यात्रुसँग यात्राका क्रममा दुर्व्यवहार भोगेको तितो अनुभव हुन्छ । भाडादर र बसमा सिट खाली नहुँदा यात्रुलाई पछाडि सार्ने बहानामा सहचालकबाट यात्रुले दुर्व्यवहार समेत भोग्दै आएका छन् । कतिपय अवस्थामा यात्रुबाट महिला यात्रीमाथि यौन दुर्व्यवहार समेत हुने गरेको छ । साम्प्रदायिक दुर्व्यवहारको आरोपमा केही महिनाअघि काठमाडौं प्रहरीमा सवारी चालक र सहचालकविरुद्ध उजुरीसमेत परेको थियो । यस्ता समस्या विशेष गरी भित्री रुटका भिडभाड हुने बस तथा माइक्रो बसमा धेरै छ ।

पहाडी तथा दुर्गम क्षेत्रमा चल्ने सवारीसाधनको नियमितता छैन । घण्टौंसम्म सार्वजनिक यातायात नपाइने र तोकिएका भन्दा बढी भाडा तिरी यात्रा गर्नुपर्ने अवस्था छ । दुर्गम पर्यटकीय क्षेत्रमा नयाँ ट्र्याक खोलिएका सडमा जोखिमपूर्ण सवारीसाधन सञ्चालनसमेत हुने गरेको देखिन्छ । नियमनकारी निकायको आँखा छलेर क्षमताभन्दा धेरै यात्रु तथा मालसामान बोक्ने गरिएको पाइन्छ ।

सुधार्न सकिन्छ सार्वजनिक यातायात

नेपालको सार्वजनिक यातायातलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक छ । अन्य पेसा व्यवसायमा जस्तै सार्वजनिक यातायातलाई जिम्मेवार तथा गुणस्तरीय सेवा विस्तार गर्न प्रशिक्षित श्रमिक र प्रविधिको प्रयोगमा जोड दिनु पर्छ । सरोकारवाला, विज्ञ तथा उपभोक्ताको सुझावका आधारमा आवश्यक परेका कानुन परिमार्जन गरी नीतिगन सुधार गरिनु पर्छ । यातायात मजदुरको पेसागत सुरक्षाको ग्यारेटी गरिनु पर्छ । श्रम ऐन अनुसार मजदुर नियुक्ति र सामाजिक सुरक्षाको दायरामा ल्याउन सके यातायात मजदुर पलायन रोक्न सकिन्छ । यो व्यवस्थाले यातायात श्रमिकको पेसागत सुरक्षा वृद्धि भई रोजगारीप्रति आकर्षण बढ्छ ।

चालक तथा सहचालकका लागि आवश्यक मात्रामा ट्राफिक नियम र यात्रुमैत्री व्यवहारका लागि अभिमुखीकरण गरिनु पर्छ । यसका लागि नियमकारी निकायले प्रोत्साहन गर्नु पर्छ । सडकमा खटिएका ट्राफिक प्रहरीको भूमिका नियम उल्लंघनका नाममा जरिबाना गर्नेभन्दा पनि सहजीकरण तर्फ जिम्मेवारीबोध हुनु पर्छ । लापरबाही तथा जघन्य अपराधका घटनालाई कानुनी दायरामा ल्याइ कडाभन्दा कडा कारबाही गरिनु पर्छ । सार्वजनिक यातायात प्रयोग गर्ने हरकोही यात्रुको मैत्रीपूर्ण व्यवहारसहित बिना किचकिच तोकिएको भाडा तिनु हुन्छ । हरेक महिनाजसो फेरिरहने सहचालक (कन्डक्टर) र उनीहरूको रुखो व्यवहारप्रति सरोकारवाला सबैको ध्यान जान आवश्यक छ । भाडादरसम्बन्धी सूची देखीने गरी राख्नु पर्छ । लक्षित वर्गका लागि तोकिएका आरक्षित सिटमा ससम्मान पहुँच हुनु पर्छ ।

पछिल्लो समय बढ्दो डिजिटल भुक्तानीलाई आत्मसात् गर्दै दुरीका आधारमा वैज्ञानिक भाडा भुक्तानी गर्ने व्यवस्था अवलम्बन गर्नु पर्छ । यात्राका क्रममा यात्रुको जिउधनको सुरक्षाको ग्यारेन्टी गरिनु पर्छ । डिजिटल भुक्तानीले कागजीको नोटको क्षति र प्रयोग कम हुन्छ । यसले यात्रुलाई खुद्रा रुपियाँको अभावमा हुँदै आएको ठगी अन्त्य गर्छ । लगानीकर्तालाई चुहावट हुँदैआएको आम्दानीलाई पारदर्शी बनाउनुका साथै लेखा परीक्षण गर्न थप सहयोग पुग्छ ।

देशका मुख्य मुख्य सहर तथा सदरमुकाममा सिफ्टका आधारमा सार्वजनिक यातायात सञ्चालन गरिनु पर्छ । सहरी क्षेत्रमा रातको समयमा समेत सहज र सरल सार्वजनिक यातायातको सुनिश्चित हुनु पर्छ ।

सरकारले सबैभन्दा कम लगानी गरेको क्षेत्रमध्येमा नेपालको सार्वजनिक यातायात पर्छ । सडक निर्माण तथा राजमार्गको स्तरोन्नतिमा वार्षिक करोडौं रकम विनियोजन हुन्छ । सार्वजनिक यातायातमा भने सरकारको लगानी शून्यकै अवस्थामा छ । मधेश प्रदेश सरकारले किनेका बस पनि सञ्चालन ल्याउन सकेको छैन । सरकारी स्वामित्वको ट्रली बस सेवा बन्द भइसकेको छ । तत्कालीन साझा यातायातलाई राम्रोसँग व्यवस्थापन गर्न सकेन ।

सरकारले सार्वजनिक यातायातमा लगानी नगरे पनि सञ्चालनमा रहेका यातायातको सेवा गुणस्तरमा ध्यान दिनु पर्छ । मातहतका कार्यालयबाट सेवाग्राहीले सास्तीका साथ सेवा लिनुपर्ने अवस्था छ । कतिपय अवस्थामा जनता बिचौलियामार्फत सेवा लिन बाध्य छन् । सार्वजनिक यातायात सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिँदा सार्वजनिक यातायात सम्पूर्ण रूपमा निजी क्षेत्रको तजबिज सञ्चालनमा रहेको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०४९ र सार्वजनिक यातायात आचार संहिता, २०७९ ले सार्वजनिक यातायातसम्बन्धी जनताको अधिकारलाई संरक्षण गरेको छ । सार्वजनिक यातायातको क्षेत्रमा निजी संघ संस्थाको लगानीलाई सरकारले सम्मान गर्दै यस क्षेत्रको दिगो विकास र गुणस्तरीय सेवा विस्तारमा सरोकारवाला सबैले ध्यान दिनु पर्छ ।

गृहमन्त्रीज्यू, तपाईंको मुटु कस्तो छ ?

• सञ्जीव कार्की

उपप्रधान तथा गृहमन्त्री र मन्त्रालय सम्बद्ध विषयमा उठेका प्रश्नबारे असार १० गते संसद्मा जवाफ दिए गृहमन्त्री रवि लामिछानेले। उनले विविध विषयमा जानकारी दिने क्रममा गृह मन्त्रालयको उपलब्धिबारेको प्रतिवेदन पेस गरेका हुन्। जहाँ उनले 'संसारमा नै दह्रो मुटु भएको मान्छे रवि लामिछाने हो' भनेर घोषणा गरे। हुन त उनी मुटु रोग विशेषज्ञ होइनन्। राजनीतिकर्मी हुन् तर उनले आफ्नो मुटुको यसरी बढाइचढाइ गरे कि उनको मुटु संसारमा नै दह्रो भएको कुरा उनकै मुखबाट संसद्को रोस्टमबाट दुनियाँले सुन्नु पर्‍यो।मूलतः कोही कति दह्रो, कति बलियो र कति साहसी छ भन्ने वर्णन अर्काको मुखबाट सुनिन्छ, सुनाइन्छ। तर देशका उपप्रधानमन्त्रीले आफ्नै मुखबाट आफ्नो बखान प्रस्तुत गरे। आफ्नो बखान आफैं गर्ने संस्कृति निको मान्ने चलन संसारमा सायदै होला ! कामको वर्णन र प्रशंसा मुखले होइन, कामले गर्छ। मुख पनि आफ्नो होइन, अर्काको मुखले गरेको प्रशंसा बढी प्रभावकारी हुन्छ र त्यसले सामाजिक स्वीकृति अर्थात् वैधता प्राप्त गर्छ। आत्मश्लाघा एक प्रकारको रोग हो।

जसरी प्रत्येक मान्छेमा पागलपन रहेको स्वीकार गरिन्न र थाहा पाइन्न, त्यसैगरी आत्मश्लाघा भन्ने रोगको बारेमा सम्बन्धित पक्ष अनविज्ञ रहन्छ। यस्तो रोगको बारेमा अरूले जानकारी दिएको सायद कसैलाई मन पर्दैन र त्यसलाई आलोचना भनेर बुझिन्छ। आफ्नाले पनि यसबारे जानकारी दिएको मन पर्दैन। यद्यपि आफ्नालाई त्यो अप्रिय तर सत्य कुरा भन्ने अधिकार रहन्छ। त्यसका लागि पनि लामिछानेले भने झैं मुटु भएको मान्छे चाहिन्छ। उनको निर्णयविरुद्ध राय बझाउने र उनलाई अप्रितिकर लाग्ने कुरा भन्ने साहसी मुटु भएको नेतृत्व रास्वपासँग छ कि छैन ? छ भने त्यो अपवाद होला। अपवाद एउटा नियममात्रै हो। स्वभाव र सामान्यीकरणको नियम होइन।

गृहमन्त्रीको 'मुटु चाहिन्छ मुटु' भन्ने उद्घोष उसै आएको भने थिएन। विगतमा नारायणकाजी श्रेष्ठ गृहमन्त्री हुँदा मुटु चेक गर्नुपर्‍यो र मुटु कस्तो छ भनी प्रश्न गरेका थिए। ठूला माछा समात्न नसकेको र समातेकालाई पनि छोडेको आरोप गर्दै प्रतिपक्षी बेन्चबाट सिंहनाद गरेका थिए टेलिभिजन प्रस्तोता भएर सरकार र पार्टीहरूलाई अनगिन्ती पटक ललकारेका थिए। विगतका उनले गर्दै आएका हरेक प्रश्न आज रवि लामिछानेतिरै सोझिएका छन्। त्यसैमध्येको प्रश्न थियो- गृहमन्त्रीको मुटु कति दह्रो र बलियो छ भन्ने सांसदहरूको प्रश्न पनि। उनले आफूलाई कहिल्यै र कुनै पनि मानेमा कमजोर निरीह र कानुनको उल्लंघनकर्ता मानेका छैनन्। यो उनको भ्रम हो नत्र उनी चेतेका देखिँदैनन्। उनी कति भ्रममा थिए र छन् भन्ने कुरा २०७९ माघ १३ गतेको सर्वोच्च अदालतको फैसला दृष्टान्त नै छ।

न्युज ट्वान्टिफोर टेलिभिजनमा 'सिधा कुरा जनतासँग' कार्यक्रम चलाउँदै गर्दा २०७४ माघ २८ गते रविविरुद्ध नुवाकोटका लक्ष्मण विकले लामिछाने अमेरिकी आप्रवासी भिसा लिई नेपालमा अनुमतिबेगर बस्दै आएका व्यक्ति हुन्, जसले सूचना विभागको नियमसमेत पालना नगरी नेपाली सञ्चारमाध्यममा काम गरिरहेका छन् भनेर २०७४ सालमा किशोर श्रेष्ठ प्रेस काउन्सिलको अध्यक्ष हुँदा उजुरी दिएका थिए। सो उजुरीउपर कारबाही हुँदा रविले प्रेस प्रतिनिधि प्रमाणपत्र नलिएको खुलासा भयो र रविले प्रेस काउन्सिलको प्रतिवाद गर्दा जुन भाषा, शैली र दाबी पेस गरे, त्यो नेपालको कानुनको खिलाफमा थियो। उनले सूचना विभागको प्रेस पास लिनुभन्दा आफू दोबाटोमा जुत्ता पालिस गरेर बस्ने भनेर दिएको जबाफको रवाफ नै अन्ततः उपप्रधानमन्त्रीसहित गृहमन्त्री, सांसद पद र रास्वपाको पार्टी सभापति र सदस्य पदसमेत गुमाउनु परेको कुरा यहाँ स्मरणीय छ।

कुनै दम्भ र अभिमान नराखी प्रेस प्रतिनिधि कार्ड लिने प्रयत्न गरेको भए आजसम्म आइपरेका लफडा त्यतिबेला नै हल हुने थिए रविका। त्यसयता पनि उनले सार्वजनिक वृत्तमा आफूबारे उठेका प्रश्न पासपोर्ट विवाद सहकारी विवाद आदिलाई इन्कार गर्दै आएका छन्। प्रतिपक्षमा बस्दा र सत्तापक्षमा बस्दा दोहोरो मापदण्ड लिएर बसेको बारे रास्वपाका केन्द्रीय सदस्य गणेश कार्कीले आफूलाई नैतिक अप्ठेरो परेको कुरा बारम्बार सार्वजनिक गर्दै आएको विषय हो। यसर्थ मुखले जे भने पनि रविमा इमान र नैतिकताको प्रश्न भने सत्य उजागर नहुञ्जेल रहिरहन्छ। तीनवटा श्रीमती ल्याइसकेको मान्छेले बहुविवाह गर्‍यो भनेर नागरिकलाई दण्ड दिने नैतिक हक अवश्य रहन्न।

नागरिकता विवाद साम्य भए पनि पासपोर्टको मुद्दा कुनै पनि बेला उधिन्न सक्ने र सहकारी प्रकरणको मुद्दा संसदीय न्यायिक निरूपणकै अवस्थामा रहेको बेला गृहमन्त्रीमा नै बसिरहने नैतिकता लामिछानेकै अवधारणाअन्तर्गत गलत हो। तपाईंले लेख्नु भएको थियो, 'प्रमाण लुकाउन सक्ने हैसियत भएका आरोपित मन्त्रीले तुरुन्त राजीनामा दिनुपर्छ र अविलम्ब छानबिन सुरु हुनुपर्छ। राजीनामा नदिए कार्यकक्षबाटै पक्राउ गरिनुपर्छ।' यो भनाइ तपाईंकै थियो र हो भने आफ्नो हकमा कथनी र करणीमा किन भिन्नता आयो ? पक्कै यो प्रश्न गर्न पाउने हक आमनागरिकलाई छ।

'मुटु भएको मान्छेले फाइल खोल्यो भने यो देशका अधिकांश नेता जेलमा हुन्छन्, संसद्मा होइनन्' भन्ने मान्छे आज जसलाई तपाईंले थुन्नुपर्छ भन्नुभयो क्यान्टोन्मेन्ट र गिरीबन्धु टी स्टेटको फाइल खोल्ने कुरा गर्नु भएको थियो। उहाँहरूलाई काखा पोल्टामा बसेर तपाईंले चरितार्थ गर्नु भएको के हो ?

काखमा बसाउनेलाई थुन्न नसक्ने मुटु फिस्टे चराको जस्तो भनियो भने अन्यथा होला नहोला ? सिंहको मुटु हुनेलाई बूढानीलकण्ठतिर म्याडमलाई लिन प्रहरी पठाउन केले छेकबार गर्‍यो ? देशको आन्तरिक सूचना बेच्ने विपक्षी दलका महामन्त्रीलाई झ्याइँकुटी पारेर मामाघर राख्न किन सक्नु भएन ? खतरासँग खेल्ने अर्थात् अत्यन्तै ठूलो जोखिम मोल्नेहरूलाई चलनचल्तीको भाषामा मुटु नभएको भनेर उपमा दिइन्छ। मुटु नहुनुको अर्थ हो हिम्मतिलो नहुनु। त्यस्तै हिम्मतिलो पात्र र प्रवृत्ति जसको हिम्मतमा सबै किसिमका भ्रष्टाचार विकृति र विसंगतिबारे बोलेर सूचना प्रवाह, सामाजिक काम गरेर धेरैको पाप छताछुल्ल पार्नेसम्मको काम गर्दा रवि लामिछानेसँग मुटु थिएन ?

मुटु चाहिन्छ भन्नुको मतलव पनि हिम्मतिलो मुटु हुनु नै हो। जसले वीरतापूर्ण कार्य गर्छ। फराकिलो मुटु कठोर मुटु हिम्मतिला मुटुका दुई परिभाषा हुन्। कठोर मुटु हुनुको प्रमाण तपाईंले बारम्बार प्रकट गर्नु भएको छ। त्यही मुटुकै कारण पार्टी गठन भएको ६ महिना नपुग्दै २१ सांसदसहित उपप्रधानमन्त्री बन्नु हो। मानव मुटुविहीन हुँदैन तर मुटुको विशेषता हुन्छ। आकार तौल र सानो ठूलो मुटुको बनोटको आधारमा यसको विशेषता उल्लेख हुँदैन, केवल मान्छेको सोच्ने विवेक पुर्‍याउने र कार्य गर्ने क्षमताको आधारमा मुटु हुने मान्छे मुटु नहुने मान्छे, कोमल मुटुको मान्छे र कठोर मुटुको मान्छे, साधारण मुटुको मान्छे र असाधारण मुटु हुने मान्छे भनेर चिनिन्छ। संवेदनशील मुटु, पराक्रमी मुटु वा कुन मुटु छ आजकल गृहमन्त्रीसँग ? माछाको झैं दुई कोठा, भ्यागुताको झैं तीन कोठा भएको मुटु निश्चय नै छैन होला। मुटु रोग विशेषज्ञले स्वस्थ मुटुको परिचय दिएझैं चार कोठा भएको मुटुमा दायाँतर्फको दुई कोठाबाट, अक्सिजन कम भएको नीलो रगत र बायाँतर्फबाट अक्सिजनले भरिपूर्ण रातो रगत बहने मुटु हुन्छ। तपाईंसँग कस्तो मुटु छ ? गृहमन्त्रीज्यू ?

विपदमा परी ७४ जनाको मृत्यु

झापा(प्रस) । अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिरो लगायतका विपदमा परी एक महिनामा ७४ जनाको मृत्यु भएको छ ।

सोमबार नेपाली प्रहरीद्वारा जारी बुलेटिनमा गत जेठ २८ गतेदेखि सोमबारसम्म ७४ जनाको मृत्यु भएको उल्लेख छ ।

बाढीपहिरो लगायतका विपदमा परी काठमाडौँ उपत्यकामा एक, कोशी प्रदेशमा १८, मधेश प्रदेशमा तीन, बागमती प्रदेशमा चार, गण्डकी प्रदेशमा २२, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा चार जना गरी जम्मा ७४ जनाको मृत्यु भएको हो । साथै काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २१, मधेश प्रदेशमा पाँच, बागमती प्रदेशमा चार, गण्डकी प्रदेशमा २६ जना, लुम्बिनी प्रदेशमा चार, कर्णाली प्रदेशमा १५ जना र सुदूरपश्चिम प्रदेशमा १० जना गरी जम्मा ८८ जना घाइते भएको प्रहरीले जनाएको छ ।

घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पतालमा लगिएको छ । साथै कोशी प्रदेशमा ४१, गण्डकी प्रदेशमा १२ गरी जम्मा ५३ जनाको उद्धार गरिएको छ । बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई, बागमती प्रदेशमा दुई र सुदूरपश्चिम प्रदेशमा एक गरी पाँच जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी छ ।

बाढीका कारण जम्मा एक सय ६१ घर डुबानमा परेका छन् । ९४ वटा घर, ५३ वटा गोठ, ४१ वटा पुल, १ वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । तीन सय ३५ वटा पशु चौपाया मरेको छ । उक्त अवधिमा विपद्का घटनाबाट दुई हजार दुई सय ९६ घर परिवार विस्थापित भएका छन् । साथै बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम समेत विभिन्न निकायर स्थानीयवासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत प्रहरीले गरिरहेको छ ।

कोशीमा सरकार पुनर्गठनको तयारी

विराटनगर(प्रस) । केन्द्रमा भएको नयाँ सत्ता समीकरणअनुसार कोशी प्रदेशमा पनि सरकार पुनर्गठन गर्ने तयारी गरिएको छ। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले केन्द्रमा २८ गते नयाँ समीकरणअनुसार नयाँ सरकार बनेपछि त्यसको असर र प्रभावअनुसार कोशी प्रदेशमा सरकार पुनर्गठन हुने बताए।

सोमबार विराटनगरमा सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री कार्कीले तत्कालै कसैलाई सरकारबाट हटाउने आफ्नो चाहना नभए पनि केन्द्रमा नयाँ समीकरण बनेपछि कोशी प्रदेशमा पनि नेपाली कांग्रेससहितको सरकार बन्ने बताए।

मुख्यमन्त्री कार्कीले सहमतिको सरकार बनाउने आफ्नो प्रयास भएपनि केन्द्रको समीकरणअनुसार नै प्रदेशमा सरकार बन्ने बताए। नयाँ समीकरणअनुसार सरकार बनेपनि प्रदेशमा रहेका मन्त्रालयको संख्या नबढाइने उनको भनाइ छ।

कोशी प्रदेशमा गत बैशाख २७ गते माओवादी केन्द्रका १३ जना सांसदहरूको समर्थनमा एमालेका हिक्मत कार्की मुख्यमन्त्री बनेका थिए। १० सदस्यीय कोशी प्रदेश सरकारमा एमालेबाहेक माओवादीका ३ जना मन्त्री र एक जना राज्यमन्त्री छन्।

सोसियल इम्प्याक्ट अवार्ड्स इन्डोनेसियामा हुने

झापा(प्रस) । अल्टरनेटिभा फिल्म प्रोजेक्ट, अन्तर ष्ट्रिय टेक कम्पनी इन्ड्राइभद्वारा स्थापित, विश्वव्यापी गैर-लाभकारी फिल्म पहलले इन्डोनेसियामा नोभेम्बर २०२४ को अन्त्यमा विकासशील उद्योगहरूबाट फिल्महरूको सामाजिक प्रभावलाई पहिचान गर्ने उद्देश्यले आफ्नो घुमन्ते अल्टरनेटिभा फिल्म अवार्डसको दोस्रो संस्करण आयोजना गर्दैछ। थप, २०२४ मा विस्तारित कार्यक्रमको एक भागको रूपमा पहलले इन्डोनेसियामा अवार्डहरूसँगै एउटा नयाँ फेस्टिभल शोकेस सुरु गर्दैछ । जसमा मनोनित भएकाहरूका सबै सर्ट लिस्ट गरिएका चलचित्रहरूको सार्वजनिक प्रदर्शनहरू समावेश छन्।

इन्डोनेसियामा आयोजना हुने फेस्टिभलले सन् २०२३ मा कजाकिस्तानमा आयोजित वैकल्पिक फिल्म परियोजनाको सफल उद्घाटनको संस्करणलाई पछ्याएको छ, र आगामी दोस्रो संस्करणले इन्डोनेसियाली र दक्षिणपूर्व एसियाली बजारमा आफ्नो ध्यान केन्द्रित गर्नेछ। जून १७ तारिखदेखि अवार्डहरूका लागि सिबमिशन खुल्ला छ र सबै एसियाली देशहरूका फिल्म निर्माताहरूलाई प्रतिस्पर्धाका लागि फिचर फिल्म, वृत्तचित्र, एनिमेसन र हाइब्रिड फिल्महरू पेश गर्न आमन्त्रित गरिएको छ। शर्ट फिल्म क्याटोगोरीको लागि आवेदनहरू विशेष रूपमा दक्षिणपूर्व एशियाबाट स्वीकार गरिनेछ। सबमिशनको पूर्ण मापदण्ड यहाँ फेला पार्न सकिन्छः जततउकस्रराफीचभभधबथ। अयरबतिभचलबतष्खब)ार्फ)बधबचमक

एसिया र अन्य क्षेत्रका फिल्म निर्देशक र निर्माताहरूका, साथै समुदायका नेताहरू र गैरसरकारी संस्थाका प्रतिनिधिहरू मिलेर बनेको अन्तर्राष्ट्रिय निर्णायक मण्डलद्वारा अल्टरनेटिभा फिल्म अवार्डका विजेताहरू छनोट गरिनेछ। यी अवार्डहरूले प्रभाव सिर्जना गर्ने दृष्टि भएका प्रोफेसनलहरूलाई विश्वव्यापी स्तरमा अझ बढी देखिने गरी उनीहरूलाई फराकिलो दर्शकहरूमाझ पुग्ने बाटो प्रदान गरेर पहिचान गर्न वैकल्पिक प्रणाली प्रस्तुत गर्दछ।पहलले कलात्मक उत्कृष्टता भएका चलचित्रहरूलाई पहिचान गर्दछ जसले महत्वपूर्ण सामाजिक र सांस्कृतिक विषयहरूलाई पनि सम्बोधन गर्दछ र यसले मानिसहरू र स्थानीय समुदायहरूको जीवनमा सकारात्मक प्रभाव पार्ने महत्वाकांक्षा राख्दछ।

निर्णायकले विजेताहरूलाई प्रभाव अभियान वा उनीहरूको फिल्म निर्माण कौशलको थप विकासमा खर्च गर्नको लागि नगद पुरस्कारहरू समेत प्रदान गर्नेछ। कुल पुरस्कार राशि कोष १,००,००० अमेरिकी डलर छ भने चार पूर्ण-लम्बाइका क्याटोगोरीहरूमा प्रत्येकलाई २० हजार डलर प्रदान गरिने छ र सट्र्स अवार्डहरुको श्रेणीमा दुई विजेताहरू प्रत्येकलाई १० हजार डलर दिईनेछ।

सबै मनोनित टाइटलहरूको नयाँ महोत्सव आयोजना हुने नोभेम्बर समारोहसम्मको हप्ताभरि चल्नेछ र यसले अल्टरनेटिभाको फिल्म पहलभित्र परियोजनाको विकासलाई चिन्ह लगाउँदछ, जसमा अल्टरनेटिभा फिल्म ल्याब्समार्फत शिक्षा र मार्गदर्शन पहुँच पनि समावेश छ। यो विस्तार अल्टरनेटिभाको यायावर प्रकृतिको एक प्राकृतिक विकास हो र प्रत्येक संस्करणका साथ पहलको उद्देश्य यसको भौगोलिक पद चिह्न र चलचित्र निर्माताहरुको लागि जारी मूर्त समर्थन बढाउने रहेको छ।

अल्टरनेटिभा फिल्म प्रोजेक्टकी प्रमुख लिजा सुरगानोभा भन्छिन्,'अल्टरनेटिभा फिल्म अवार्डले स्थानीय फिल्म उद्योगको विकासलाई सहयोग गर्ने एउटा उपकरणको रूपमा काम गर्छ। यसले न्यून प्रतिनिधित्व भएका समुदायका फिल्म निर्माताहरू, जससँग महत्वपूर्ण कथाहरू छन् र जसले सांस्कृतिक र सामाजिक परिदृश्यमा प्रभाव पार्ने सम्भावना छ,तिनीहरुका लागि उत्सवको रुपमा मनाउँछ। सिनेमा परिवर्तन सिर्जना गर्ने एक शक्तिशाली माध्यम हो । अल्टरनेटिभाको महत्वाकांक्षा फिल्म उद्योगमा अन्यायलाई चुनौती दिने मात्र नभई विश्वमा वास्तविक प्रगति ल्याउनु पनि हो । त्यसैले सर्टलिस्टमा परेका चलचित्रहरूमार्फत हाम्रो नयाँ फेस्टिभल इनिसिएटिभलाई सार्वजनिक रूपमा साझा गर्नु पनि महत्वपूर्ण छ।'

'हामी प्रत्येक वर्ष अल्टरनेटिभालाई नयाँ बजारमा ल्याएर प्रत्येक स्थानहरूमा वर्षैपिच्छे जारी रहने हाम्रा पहलहरू निर्माण गर्ने क्रममा हामी आशा गर्दछौं कि यो घुमन्ते दृष्टिकोणले हामीलाई फराकिलो अन्तर ष्ट्रिय दर्शकहरूलाई संलग्न गराउन सक्षम बनाउनेछ। हामी हाम्रो पहिलो संस्करणबाट निस्केका सफलताका कथाहरूमा गर्व गर्छौं, हामी इन्डोनेसिया र फराकिलो क्षेत्रमा हाम्रो काम बढाउन पर्खन सक्दैनौं' उनी भन्छिन् । सन् २०२३ मा, अल्टरनेटिभा फिल्म प्रोजेक्टले धेरै फिल्म निर्माताहरूलाई समर्थन गर्यो र अवार्ड स्ट्यान्डका लागि २५ देशहरूमा ३५० सबमिशनहरू प्राप्तभयो। 'स्पटलाइट', 'फ्युचर भ्वाइस', 'अल्टर', 'नेटिभा' र 'सट्र्स'अवार्डमा पाँच ओटा फिल्मलाई हाइलाइट गरिएको थियो। नेपालबाट प्रतिनिधित्व गरेको, राजन कठेत र सुनिर पाण्डेले बनाएको वृत्तचित्र'नो विन्टर होलिडेज'नामक सिनेमा'नेटिभा'अवार्डका विजेताले आफ्नो आर्थिक पुरस्कारलाई नेपालमा फिल्मको थिएटरिक वितरण आयोजना गर्नका लागि प्रयोग गरेका छन् । उनीहरुले यसबाट स्कूल र विश्वविद्यालयहरूमा साना दर्शकहरूलाई सिनेमा देखाएका छन्। परियोजनाले गरिबी, लैङ्गिक भूमिका, ग्रामीण र शहरी भिन्नता, आर्थिक पावर हाउसहरूमा आपूर्ति गर्न सस्तो माइग्रेसन र आईसोलेसन जस्ता विषयवस्तुहरूलाई केन्द्रित गर्दछ।

यसबाहेक, अल्टरनेटिभा फिल्म ल्याब्सले विभिन्न उमेर र स्किल लेभलका फिल्म निर्माताहरूका लागि तीनवटा तालिम कार्यक्रमहरू आयोजना गरेको थियो, जसमा ३७ जना चलचित्र निर्माताहरू, १२ जना युवाहरू र सात जना ट्युटरहरू युरोप र संयुक्त राज्य अमेरिकाबाट सहभागी थिए। यसबाट, पाँच विजेताहरूलाई ट्याटिनो फिल्म्सबाट युरोपमा पप अप रेसिडेन्सीमा स्थानहरू प्रदान गरियो वा उनीहरुले ईएफएमको लागि गिफ्ट गरिएको यात्रा अनुदानको साथ ईएफएम टूलबक्स कार्यक्रममा भाग लिए।

भरूवा बन्दुक पड्किँदा महिला घाइते

झापा(प्रस) । संखुवासभाको चैनपुर नगरपालिका-११ केराबारीमा भरुवा बन्दुकको छर्रा लागेर एक महिला घाइते भएकी छन् ।

चैनपुर-११ केराबारीकी मेनुका खतिवडा घाइते भएकी हुन् । प्रहरी नायव उपरीक्षक घनश्याम श्रेष्ठका अनुसार घरनजिकै रहेको मकैबारीको टहरामा सुतिरहेकी खतिवडा बन्दुकको छर्रा लागेर गम्भीर घाइते भएकी हुन् ।

बन्दुक पड्काएको आरोपमा प्रहरीले चैनपुर-११ का किडरिङका ३७ वर्षीय लंक तामाङ भन्ने अनिलकुमार तामाङ र तुलसी जिमीलाई लोड भएको दुई वटा भरुवा बन्दुकसहित नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

उक्त घटना असार ४ गते भएपनि असार २१ गते मात्र बाहिर आएको हो । घाइते महिलाको थप उपचारका लागि काठमाडौँ लगेपछि मात्र बाहिर आएको हो । प्रहरीले उनीहरूको साथबाट असार २२ गते एक थान बरुवा बन्दुक र ४ सय ३२ ग्राम बारुदसमेत बरामद गरेको छ ।

दुम्सीलाई हानेको बन्दुकको छर्रा लागेर गम्भीर घाइते भएकी हुन् । प्रहरीले महिलामाथि बन्दुक प्रहार गर्ने दुई जनालाई सोमबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको छ ।बारीको टहरामा मकै रुँघेर सुतिरहेकी खतिवडाको ढाडको दाहिने पट्टि भरुवा बन्दुकको छर्राले लागेको छ ।

घाइते खतिवडाको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि काठमाडौँ लगिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पक्राउ परेका तामाङ र जिमीलाई जिल्ला अदालत संखुवासभाबाट म्याद थप गरी मुलुकी अपराध संहिता, २०७४ बमोजिम ज्यान मार्ने उद्योग र हातहतियार खरखजना कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

धनकुटा अदालतमा ७५ प्रतिशत मुद्दा फछ्र्योट

धनकुटा(प्रस) । धनकुटा जिल्ला अदालतमा यस वर्ष ७५ दशमलव ८३ प्रतिशत मुद्दा फछ्र्योट भएका छन् । आर्थिक वर्ष २०८०/०८१ म अदालत दर्ता भएका मुद्दाको अवस्थाबारे सोमबार पत्रकार भेटघाटका क्रममा उक्त जानकारी दिइएको हो । अघिल्लो वर्ष भन्दा ७ प्रतिशतले प्रगति भएको अदालतले जनाएको छ । अघिल्लो वर्ष जिल्लामा ६८ दशमलव ८५ फछ्र्योट भएकोमा यस वर्ष करिब सात प्रतिशतले प्रगति भएको जिल्ला न्यायाधीश नारायण पराजुलीले जानकारी दिए ।जिल्लामा यस वर्ष देवानी तथा फौजदारी लगायतका ६ सय ६६ थान मुद्दा दर्ता भएका थियो । जसमध्ये ५ सय ५ मुद्दा फछ्र्योट भएका छन् । फछ्र्योट हुन बाँकी १ सय ६१ मुद्दा समेत फछ्र्योटको प्रक्रियामा छन् । 'बाँकी मुद्दा पनि चाँडै फछ्र्योटको प्रक्रियामा रहेको छन् ', पराजुलीले भने, 'सर्वसाधारणले सहज रुपमा न्याय पाउन् भन्ने हाम्रो चासो रहेको छ ।'

सबैभन्दा बढी दुनियाँवादी देवानी मुद्दा दर्ता भएका छन् । ४ सय ७४ थान मुद्दा देवानी प्रकृतिको रहेको जनाइएको छ । जसमध्ये ३ सय ७६ फछ्र्योट भइसकेका छन् । सरकारवादी फौजदारी मुद्दा भने १ सय ३१ छन् । व्यक्तिवादी फौजदारी मुद्दा ५७ वटा छन् । अदालतमा हाल रहेकामध्ये १ सय ९९ थान मुद्दा जिम्मेवारी सरेर आएको जनाइएको छ । यस वर्ष अर्धन्यायिक निकायबाट चार वटा मुद्दा जिल्ला अदालतमा पुनरावदेन गरिएको छ । दर्ता भएका आधारमा एक वर्ष भित्रका ७ थान मुद्दा छन् । जिल्लामा सम्बन्ध विच्छेदका मुद्दा तुलनात्मक रुपमा वृद्धि हुनेक्रम रहेको अदालतले जनाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

वृष आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

मिथुन अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

कर्कट मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

सिंह । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

कन्या आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

तुला सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

वृश्चिक दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

कुम्भ कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने